नेपाल सरकार
गृह मन्त्रालय

**मिति २०७२।०१।२९ गतेको केन्द्रीय दैवी प्रकोप उद्धार समितिको वैठकका निर्णयहरु :**

१. आज मिति २०७२।०१।२९ गते दिउंसो १२:५० वजे दोलखामा केन्द्रविन्दु वनाई आएको भूकम्पको धक्काबाट दोलखा र सिन्धुपाल्चोक जिल्लामा वढी क्षति भएको भन्ने प्रारम्भिक जानकारी प्राप्त भएकोले उक्त जिल्लाहरुमा तत्काले उपलव्ध सवै हेलिकप्टर, अत्यावश्यक औषधि सहितका मेडिकल टोली र खोज तथा उद्धार टोली त्यसतर्फ पठाउन नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिने ।

२. काठमाण्डौं उपत्यका र अन्य जिल्लाका क्षति पुगेका क्षेत्रहरुमा स्थल मार्गबाट तत्कालै खोजी तथा उद्धार टोलीहरु र वारुणयन्त्र परिचालन गर्ने व्यवस्था केन्द्रीय कमाण्ड पोष्टले गर्ने ।

३. घाइतेका उपचारका लागि सवै अस्पताल तथा स्वास्थ्य निकायहरु तयारी अवस्थामा राख्ने तथा घाइतेहरुको उपचार दतारुकताका साथ गर्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने ।

४. खोज तथा उद्धारका लागि आवश्यक पर्ने हेभी इक्विपमेण्टहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तत्कालै सुरक्षा निकायहरुलाई उपलव्ध गराउने ।